# धनगढी उप-महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
प.स. ०७५/०७६ (प्र.शा.)

धनगढी, कैलाली

च.नं. ३९५२

सुदूरपश्चिम प्रदेश, नेपाल


श्री सबै वडा कार्यालय

धनगढी उप-महानगरपालिका , कैलाली

मितिः २०७५/१२/०५

**विषय :** बेरोजगार दर्ताका लागि आवेदन दिने सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामि आर्थिक वर्ष २०७६/०७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिनामा आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुपर्ने भएकोले उक्त बेरोजगार दर्ताका लागी दिइने निवेदनको नमूना एक थान यसै पत्र साथ पठाइएको व्यहोरा अनुरोध छ । सोही अनुसार सम्पुर्ण वडा वासीहरु लाई सूचना उपलब्ध गराई वडा कार्यालयमा समेत सूचना टाँस गरी दर्ता हुन आएका निवेदन बुझी सोको अभिलेख समेत राखी २०७५ चैत्र मसान्त सम्म यस कार्यालयको रोजगार सेवा केन्द्रमा पठाई सहयोग गरिदिन हुन अनुरोध गरिन्छ ।

.............................................

जनक सिंह उखेंडा

शाखा अधिकृत

जनक सिंह उखेडा
शाखा अधिकृत

बोधार्थ :

श्री सूचना तथा प्रविधि विकास शाखा – वेभसाइटमा अपलोड गरिदिनहुन ।